# सौर्य सडक बत्ती जडान कार्य सम्बन्धी कार्यक्रम कार्यान्वयन मार्गदर्शन, २०८३

<u>प्रस्तावना</u>ः कोशी प्रदेशको प्रमुख राजमार्ग आसपास रहेका रंगेली, गाईघाट, हलेशीमा सहलगानी मार्फत र विर्तामोडको सडकमा सौर्य सडक बत्ती जडान गरी रात्रिकालिन सुरक्षा, यातायात सुविधा तथा शहरी सौन्दर्य अभिवृद्धि गर्ने कार्यलाई पारदर्शी, जवाफदेही र कानूनी रूपमा सुसंगत बनाउन वाञ्छनीय भएकोले,

कोशी प्रदेश विनियोजन ऐन, २०८३ को दफा ११ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी खानेपानी, सिँचाई तथा ऊर्जा मन्त्रालय, कोशी प्रदेशले यो मार्गदर्शन तर्जुमा गरेको छ।

## परिच्छेद - एक

## <u>प्रारम्भिक</u>

१. <u>सङ्क्षिप्त नाम र प्रारम्भः</u> (१) यस मार्गदर्शनको नाम "सौर्य सडक बत्ती जडान कार्य सम्बन्धी कार्यक्रम कार्यान्वयन मार्गदर्शन, २०८३" रहेको छ।

(२) यो मार्गदर्शन कोशी प्रदेश अन्तर्गत रंगेली नगरपालिका, त्रियुगा नगरपालिका, हलेशी तुवाचुङ्ग नगरपालिका र विर्तामोड नगरपालिकाको सडक क्षेत्रमा हुने सौर्य सडक बत्ती जडान आयोजनामा लागू हुनेछ।

(३) यो मार्गदर्शन मन्त्रालयले स्वीकृत गरेको मितिबाट लागू हुनेछ।

२. <u>परिभाषाः</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मार्गदर्शनमा,-

(क) "कार्यक्रम" भन्नाले प्रदेश सरकारद्वारा सञ्चालित स्थानीय तहको सह लगानीमा सौर्य बत्ती जडान योजना संझनुपर्छ।

(ख) "प्राविधिक मापदण्ड" भन्नाले मन्त्रालयले स्वीकृत गरेको Specification वा प्रचलित कानून बमोजिम तोकिएको गुणस्तर मापदण्ड संझनुपर्छ।

(ग) "मन्त्रालय" भन्नाले खानेपानी, सिँचाई तथा ऊर्जा मन्त्रालय, कोशी प्रदेश संझनुपर्छ।

(घ) "मार्गदर्शन" भन्नाले सौर्य सडक बत्ती जडान कार्यसम्बन्धी कार्यक्रम कार्यान्वयन मार्गदर्शन, २०८३ संझनुपर्छ।

(ङ) "सह-लगानी" भन्नाले प्रदेश सरकार र स्थानीय तहको संयुक्त वित्तीय साझेदारी संझनुपर्छ।

(च) "सौर्य सडक बत्ती" भन्नाले सौर्य ऊर्जाबाट संचालन हुने सडक बत्ती प्रणाली संझनुपर्छ।

(छ) "संरचना" भन्नाले सौर्य सडक बत्ती जडान कार्यलाई संझनुपर्छ।

(झ) "स्थानीय तह" भन्नाले रंगेली नगरपालिका, त्रियुगा नगरपालिका, हलेशी तुवाचुङ्ग नगरपालिका र विर्तामोड नगरपालिका संझनुपर्छ।

कोशी प्रदेश सरकार
खानेपानी, सिँचाई तथा ऊर्जा मन्त्रालय
विराटनगर, नेपाल

पुष्कर प्रसाद पोखरेल
प्रदेश सचिव

पुष्कर प्रसाद पोखरेल
प्रदेश सचिव

परिच्छेद- दुई

वित्तीय लागत, लागत साझेदारी र आयोजना कार्यान्वयन

३. आर्थिक स्रोत र साझेदारी संरचनाः (१) सौर्य सडक बत्ती जडानको लागि कुल लागतको पचास प्रतिशत मन्त्रालय र पचास प्रतिशत सम्बन्धित नगरपालिकाको हुने गरी लागत साझेदारी गर्नुपर्नेछ। तर विर्तामोड नगरपालिकाको हकमा मन्त्रालयको मात्र लागत सहभागिता हुनेछ।

(२) मन्त्रालय र सम्बन्धित स्थानीय तहबीच लागत साझेदारी सम्बन्धमा अनुसूची बमोजिम द्विपक्षीय समझदारी हुनेछ।

(३) उपनियम (१) बमोजिम सम्बन्धित स्थानीय तहले लागत साझेदारी नगरेमा सो स्थानीय तहमा कार्यक्रम कार्यान्वयन गरिने छैन।

४. कार्यक्रम कार्यान्वयन तथा बजेट व्यवस्थाः आयोजना कार्यान्वयनमा मन्त्रालयको आ.व. २०८३/८४ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार विनियोजन भएको बजेट रकम खर्च गरिने छ।

५. आयोजना कार्यान्वयन समितिः (१) आयोजना कार्यान्वयनका लागि एक संयुक्त आयोजना कार्यान्वयन समिति गठन गरिनेछ।

(२) उपदफा (१) बमोजिमको समिति देहायबमोजिम हुनेछन्:-

| | |
|---|---|
| नगर प्रमुख वा निजले तोकेको जनप्रतिनिधि | - संयोजक |
| महाशाखा प्रमुख (मन्त्रालय) | - सदस्य |
| सम्बन्धित वडा अध्यक्ष | - सदस्य |
| सम्बन्धित स्थानीय तहले तोकेको सम्पर्क कर्मचारी | - सदस्य |
| इन्जिनियर (मन्त्रालय) | - सदस्य-सचिव |

६. समितिको कार्य जिम्मेवारीः दफा ५ को उपदफा (२) बमोजिमको समितिको जिम्मेवारी देहायबमोजिम हुनेछः-

(क) स्थानीय आवश्यकता पहिचान गर्ने र जडान गर्ने स्थानको सूची तयार गर्ने।

(ख) निर्माण कार्यमा सहजीकरण तथा अनुगमन गर्ने

(घ) निर्माण सम्पन्न भएपछि हस्तान्तरण गरि संचालनको प्रवन्ध मिलाउने।

(ङ) संरचनाको सुरक्षा र मर्मत व्यवस्थाको सुनिश्चितता गर्ने।

७. खरिद प्रक्रियासम्बन्धीः (१) सम्बन्धित स्थानीय तहले सह लगानी बापतको अंश मन्त्रालयको विविध खातामा जम्मा गरेपछि मात्र खरिद प्रक्रिया अघि बढाइनेछ।

(२) मन्त्रालयले लागत अनुमान तयार गरी प्रचलित कानून बमोजिम खरिद प्रक्रिया अगाडी बढाउनेछ।

कोशी प्रदेश सरकार
ऊर्जा, सिंचाई तथा खानेपानी मन्त्रालय
विराटनगर, नेपाल

पुष्कर प्रसाद पोखरेल
प्रदेश सचिव

(३) जडान कार्य सम्पन्न भएपछि प्राविधिक टोलीले गुणस्तर परीक्षण गर्नुपर्नेछ।

## परिच्छेद- तीन

## हस्तान्तरण र मर्मत संभार

८. हस्तान्तरण: (१) परीक्षण सफल भएपछि सम्पूर्ण संरचना सम्बन्धित स्थानीय तहलाई हस्तान्तरण गरिनेछ।

(२) हस्तान्तरण पछिको संरचनाको सुरक्षा, मर्मत र संचालनको जिम्मा सम्बन्धित स्थानीय तहको हुनेछ।

९. मर्मतसम्भार: जडान गरिएको संरचनमा उपकरणीय तथा प्राविधिक समस्या सिर्जना भई मर्मत संभार गर्नु पर्ने भएमा सो को दायित्व सम्झौताका शर्त बमोजिम वारेन्टी अवधिभर निर्माणकर्ता/जडानकर्ताको हुनेछ।

## परिच्छेद- चार

## विविध

१०. कार्यक्रमको संचालन तथा सदुपयोग गर्नुपर्ने: संरचनाको सञ्चालन तथा सदुपयोग सम्बन्धित स्थानीय तहले गर्नुपर्नेछ ।

११. प्रचलित कानून बमोजिम हुने: यस मार्गदर्शनमा उल्लेखित विषयहरू यसै मार्गदर्शनबमोजिम र उल्लेख नभएका विषयको सम्बन्धमा प्रचलित कानून बमोजिम हुनेछ।

१२. संशोधन गर्न सक्ने: मन्त्रालयले आवश्यकता अनुसार यस मार्गदर्शनको व्यवस्था प्रतिकूल नहुने गरी संशोधन गर्न सक्नेछ।

कोशी प्रदेश सरकार
खानेपानी, सिंचाई तथा ऊर्जा मन्त्रालय
विराटनगर, नेपाल

पुष्कर प्रसाद पोखरेल
प्रदेश सचिव

पुष्कर प्रसाद पोखरेल
प्रदेश सचिव

## अनुसूची

## दफा ३ को उपदफा (२) सँग सम्वन्धित

## समझदारी पत्र (Memorandum of Understanding)

कोशी प्रदेश सरकार, खानेपानी, सिंचाइ तथा ऊर्जा मन्त्रालय, विराटनगरको आ.व. २०८३/०८४ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार संचालन हुने सौर्य सडक बत्ती जडान कार्य सम्बन्धी कार्यक्रम कार्यान्वयन कार्यक्रमको लागि कोशी प्रदेश सरकार, खानेपानी, सिंचाइ तथा ऊर्जा मन्त्रालय, विराटनगर (यसपछि प्रथम पक्ष भनिने) र श्री ...............नगरपालिका, ............... (यसपछि दोस्रो पक्ष भनिने) तपशिल अनुसारका शर्तहरु पालना गर्ने गरी कार्यक्रम कार्यान्वयनका लागि द्विपक्षीय समझदारी पत्रमा सही छाप गरी लियौं दियौं।

<u>शर्तहरु:</u>

१. प्रथम पक्ष र दोश्रो पक्षले कुल लागतमा पचास/पचास प्रतिशत साझेदारी गरी सहलगानीमा सोलार बत्ती उज्यालो कार्यक्रम (गौरादह नपा, झापा) सम्पन्न गरिनेछ।

२. कार्यक्रम सम्पन्न गर्नको लागि दोश्रो पक्षले लिखित रुपमा Technical Focal Person तोकी सम्पर्क विवरण सहित प्रथम पक्षलाइ जानकारी दिनुपर्नेछ।

३. दोस्रो पक्षले ऊर्जा प्रवधि जडानका लागि सार्वजनिक जग्गा/स्थान उपलब्ध गराउनु पर्नेछ। सडक बत्ती जडान गर्ने स्थान दोश्रो पक्षले लिखित रुपमा प्रथम पक्षलाइ उपलब्ध गराउनुपर्नेछ।

४. दोश्रो पक्षले लिखित रुपमा सडक बत्ती जडान गर्ने स्थान यकिन गरी पत्राचार गरे पश्चात प्रथम पक्षले योजनास्थल अनुगमन गर्ने डिजाइन/स्पेसिफिकेशन, लागत अनुमान तयार गर्नेछ।

५. दोश्रो पक्षले लागत साझेदारीको लागि ५०% (विर्तामोड नगरपालिका बाहेकले) रकम प्रथम पक्षको विविध खातामा जम्मा गर्नुपर्नेछ, रकम जम्मा भए पश्चात मात्र प्रथम पक्षले खरिद कारवाही अघि बढाउने छ।

६. दोस्रो पक्षले ऊर्जा प्रविधि जडानका लागि आवश्यक पर्ने NEA Meter नेपाल विद्युत प्राधिकरणसँग समन्वय गर्नुपर्नेछ।

७. प्रणाली जडान सम्पन्न भए पश्चात दोश्रो पक्षलाइ हस्तान्तरण गर्नेछ, हस्तान्तरण पश्चात प्रणाली मर्मत संभार तथा व्यवस्थापन/रेखदेखको जिम्मेवारी दोश्रो पक्षको हुनेछ।

८. खरिद कार्य गर्दा बचत भएको रकम मध्ये ५०% रकम प्रथम पक्षले दोश्रो पक्षलाइ उपलब्ध गराउने छ।

७. यस सम्झौतामा उल्लेख नभएका विषयहरुका सम्बन्धमा प्रचलित नियम कानून बमोजिम हुनेछ।

| <u>पहिलो पक्षको तर्फबाट</u> | <u>दोस्रो पक्षको तर्फबाट</u> |
|---|---|
| दस्तखत : | दस्तखत: |
| नाम : | नाम : |
| पद : | पद. : |

ईति सम्वत् २०८३ साल .............गते ................शुभम्

कोशी प्रदेश सरकार
खानेपानी, सिंचाई तथा ऊर्जा मन्त्रालय
विराटनगर, नेपाल

पुष्कर प्रसाद पोखरेल
प्रदेश सचिव